apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



वीरगन्ज नाका हुँदै १० महिनामा सात खर्ब ९४ अर्बको सामान भित्रियो
समाचार पृष्ठ ४

● वर्ष: १२ ● अंक: १२७ ● पृष्ठ: ४ ● ११ जेठ २०८३ सोमबार (25 May 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

# सदरमुकाम सिरहाकै मुटु अन्धकारमा
## हेम नारायण चोकको निभेको बत्तीले उठायो सिरहा नगरपालिकामाथि गम्भीर प्रश्न



**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १० गते**

सदरमुकाम सिरहाको व्यस्त तथा संवेदनशील क्षेत्र हेम नारायण चोक यतिबेला अन्धकारमा डुबेको छ । रातभर उज्यालो रहनुपर्ने मुख्य चोकमा सडक बत्ती नबल्दा स्थानीयवासी, व्यवसायी तथा यात्रुहरू असुरक्षित महसुस गर्न बाध्य भएका छन् ।

हेम नारायण चोक केवल एउटा सडक चोक मात्र होइन, यो सिरहा सदरमुकामको केन्द्रबिन्दु हो । दैनिक हजारौं सर्वसाधारणको आवतजावत हुने, बजार सञ्चालन हुने तथा प्रशासनिक गतिविधि केन्द्रित रहने यस क्षेत्रमा लामो समयदेखि सडक बत्ती नबल्दा स्थानीय तहको कार्यक्षमतामाथि गम्भीर प्रश्न उठ्न थालेको छ ।

स्थानीयवासीका अनुसार सडक बत्ती नहुँदा रातिको समयमा दुर्घटनाको जोखिम बढेको छ भने चोरी, लुटपाट तथा आपराधिक गतिविधिको त्राससमेत बढ्दै गएको छ । सदरमुकामकै मुख्य चोक अन्धकारमा डुबिरहँदा पनि सम्बन्धित निकाय मौन बसेको भन्दै नागरिकले असन्तुष्टि जनाएका छन् ।

जनप्रतिनिधि र स्थानीय सरकारमाथि आक्रोश व्यक्त गर्दै नागरिकहरूले विकासका ठूला भाषणभन्दा आधारभूत सेवा प्रभावकारी बनाउन माग गरेका छन् । "जनताले कर तिर्छन्, सुरक्षित र व्यवस्थित शहरको अपेक्षा गर्छन् । तर मुख्य चोकमै बत्ती नबल्नु नगरपालिकाको गम्भीर लापरबाही हो," एक स्थानीय व्यवसायीले बताए ।

सामाजिक सञ्जालमा समेत यस विषयले तीव्र चर्चा पाएको छ । नगर नेतृत्व उद्घाटन, प्रचारप्रसार र औपचारिक कार्यक्रममा व्यस्त देखिए पनि जनताको दैनिक जीवनसँग जोडिएका आधारभूत समस्या समाधानमा उदासीन बनेको आरोप लाग्न थालेको छ ।

स्थानीयवासीले सडक बत्ती मर्मत तथा व्यवस्थापनको जिम्मेवारी स्पष्ट गर्न माग गर्दै नगरपालिकासँग तत्काल समाधानको पहल गर्न आग्रह

बाँकी पृष्ठ ३ ▸▸

# दाइजोविरुद्ध अन्तिम साससम्म लड्छु : उपसभामुख ठाकुर




**अपन दैनिक संवाददाता**
**सर्लाही, जेठ १० गते**

उपसभामुख रुबिकुमारी ठाकुरले दाइजो प्रथाविरुद्ध अन्तिम साससम्म संघर्ष जारी राख्ने बताएकी छन् ।

सर्लाहीको चन्द्रनगर गाउँपालिका-२ गौचरण बजारमा आइतबार आयोजित बालविवाह तथा दाइजो प्रथा उन्मूलनसम्बन्धी बृहत् सभालाई सम्बोधन गर्दै उनले छोरा-छोरीबीच समान व्यवहार भए मात्रै समाजबाट दाइजो प्रथा अन्त्य गर्न सकिने बताइन् ।

'बाल विवाह जिन्दगी तबाह, दाइजो हटाऔं, छोरी बचाऔं' भन्ने नारासहित आयोजित कार्यक्रममा बोल्दै ठाकुरले दाइजोका कारण विशेषगरी मधेश क्षेत्रमा छोरीमाथि हिंसा बढिरहेको उल्लेख गरिन् ।

दाइजोको दबाबकै कारण धेरै छोरी र बुहारीले ज्यान गुमाउनुपरेको तथा गर्भमै छोरी हत्या हुने अवस्था समेत देखिएको उनको भनाइ थियो ।

मधेशमा दाइजो प्रथा गहिरो रूपमा फैलिएको र यसको असर अहिले देशका अन्य क्षेत्रमा पनि देखिन थालेको उल्लेख गर्दै उनले

बाँकी पृष्ठ २ ▸▸

# मधेशमा मन्त्रिपरिषद् विस्तारको तयारी, नेकपा समर्थन फिर्ता लिन केन्द्रको निर्णय कुर्दै




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ १० गते**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव मन्त्रिपरिषद् विस्तार गर्ने तयारीमा छन् । आइतबार रिक्त रहेको मन्त्री नियुक्त गरी शपथ खुवाउने मधेश सरकारको तयारी छ ।

अहिले मुख्यमन्त्री निवासमा एमाले र नेपाली कांग्रेसका सांसदहरू बैठक बसेका छन् । एमालेका सांसद शारदा थापाका अनुसार, सरकार मन्त्रिपरिषद् विस्तार र शपथ ग्रहण गराउने अन्तिम तयारीमा छ ।

तर, अर्का सत्तासाझेदार दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) आउन ढिलाइ गरेका कारण मुख्यमन्त्री अगाडि बढ्न सकेका छैनन् ।

बाँकी पृष्ठ ३ ▸▸

# बरियारपट्टी छोटी भन्सार जोगाउन आजदेखि जिरोमाईलमा चक्काजाम
## स्थानीय जनदबाब बढ्दै, पूर्व–पश्चिम राजमार्ग अवरुद्ध हुने चेतावनी

**अपन दैनिक संवाददाता**




**सिरहा ।** सिरहाको बरियारपट्टीस्थित छोटी भन्सार कार्यालय कायम राख्न माग गर्दै आन्दोलनरत पक्षले आज (सोमबार) देखि पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत जिरोमाईल चौकमा चक्काजाम गर्ने घोषणा गरेका छन् ।

भन्सार कार्यालय हटाउने सरकारी तयारीको विरोधमा आन्दोलनरत स्थानीयले चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गर्दै सडक संघर्षलाई थप सशक्त बनाउने संकेत दिएका हुन् । आइतबार गाउँ-गाउँमा सूचना प्रवाह, माइकिङ तथा पर्चा वितरण गर्दै आन्दोलनमा सहभागी हुन स्थानीय सर्वसाधारण, व्यापारी, यातायात व्यवसायी तथा युवाहरूलाई आह्वान गरिएको छ ।

आन्दोलनकारीहरूको भनाइ अनुसार बरियारपट्टी छोटी भन्सार सीमावर्ती क्षेत्रको व्यापार, राजस्व संकलन तथा स्थानीय आर्थिक गतिविधिसँग प्रत्यक्ष रूपमा जोडिएको संवेदनशील विषय हो । कार्यालय हटाइए सीमावर्ती बजारको व्यापारिक

बाँकी पृष्ठ ४ ▸▸

# पूर्वमन्त्री उमाशंकर अरगरियाले छाडे एमाले



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ १० गते**

नेकपा एमालेका नेता उमाशंकर अरगरियाले पार्टी परित्याग गरेका छन् । आइतबार उनले सामाजिक सञ्जाल फेसबुकमार्फत् अध्यक्ष केपी

बाँकी पृष्ठ ३ ▸▸

**महिला हिंसा**

महिला हिंसा होइन समाधान,
आदर हो पहिचान ।

महिलालाई सम्मान गरौं,
सभ्य समाज निर्माण गरौं ।

**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### बरियारपट्टी भन्सारको संचालन गर

सिरहा जिल्लाको दक्षिणी क्षेत्रको मध्यमा पर्ने छोटी भन्सार बरियारपट्टी खारेज गरिदा आन्दोलन सुरु भएको छ। सरकारले देशका विभिन्न स्थानमा रहेको छोटी भन्सारलाई खारेज गरेको राजपत्रमा सूचना प्रकाशति गरेपछि सिरहाको बरियारपट्टीमा रहेको दशकौं पूरानो छोटी भन्सार बन्द भएको छ। जसले गर्दा आन्दोलन भईरहेको छ। स्थानीय व्यापारी जनप्रतिनिधि तथा विभिन्न राजनीतिक दलका नेताहरूले सरकारको निर्णयविरुद्ध निरन्तर सडक आन्दोलनमा उत्रिएका हुन् । पटक पटक ज्ञापनपत्र बुझाउँदा, शान्तिपूर्ण आन्दोलन गर्दा तथा सरकारको ध्यानाकर्षण गराउँदासमेत कुनै सुनुवाइ नभएको भन्दै स्थानीयहरू थप आक्रोशित बनका हुन् । शनिबार बरियारपट्टी गाउँपालिका ३ स्थित छोटी भन्सार कार्यालयको मूल गेट अगाडि स्थानीयहरूले धर्ना दिएका छन् । नेपाल सरकारले २०८३ वैशाख २१ गते राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेको थियो ।

नेपाल सरकारको निर्णय प्रशासनिक सुधार, राजस्व चुहावट नियन्त्रण वा भन्सार प्रणालीलाई व्यवस्थित बनाउने उद्देश्यले गरिएको हुन सक्छ। तर यस्ता निर्णय गर्दा स्थानीय अर्थतन्त्र, सीमावर्ती जनजीवन र नागरिकको दैनिकीमा पर्ने प्रभावलाई गम्भीर रूपमा मूल्याङ्कन गरिनुपर्छ। बरियारपट्टीजस्ता सीमावर्ती क्षेत्रमा छोटी भन्सार राजस्व संकलन गर्ने निकाय मात्र होइन, स्थानीय व्यापार-व्यवसायको आधार र रोजगारीको माध्यम पनि हो । यसलाई एकाएक बन्द गर्दा सयौँ साना व्यापारी, मजदुर र स्थानीय उपभोक्ता प्रत्यक्ष प्रभावित भएका छन् । सरकारले विकास र सुधारका नाममा केन्द्रमुखी सोच मात्र अपनाउने हो भने दुर्गम र सीमावर्ती क्षेत्रहरू थप पछाडि पर्ने खतरा रहन्छ। स्थानीय तह, व्यापारी र सरोकारवालासँग पर्याप्त छलफल नगरी गरिएको निर्णयले जनतामा राज्यप्रतिको विश्वास कमजोर बनाउँछ। अझ आन्दोलनरत पक्षका माग र आवाजलाई बेवास्ता गर्नु लोकतान्त्रिक संस्कृतिका लागि पनि राम्रो संकेत होइन ।

अहिले स्थानीयहरुको अगुवाईमा भईरहेको आन्दोलन मर्यादित र शान्तिपूर्ण नै छ। त्यही भएर सरकार संवादमा आउनुपर्छ। बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्नुको स्पष्ट आधार र विकल्प छन् भने त्यसबारे स्थानीयलाई विश्वस्त पारिनुपर्छ। अन्यथा स्थानीय आवश्यकता र जनभावनालाई सम्मान गर्दै निर्णय सच्चाउनु पर्छ। विकासको नाममा जनताको आधारभूत आर्थिक गतिविधि कमजोर पार्ने नीति दीर्घकालीन रूपमा सफल हुन सक्दैन । बरियारपट्टीको आन्दोलनलाई स्थानीयहरुको असन्तुष्टि मात्र रहेको भन्ने बुझ्नु हुँदैन्। यसैले सरकारले तत्काल सिरहाको बरियारपट्टीको छोटी भन्सारको विषयलाई समाधान गर्नुपर्छ। स्थानीयले गर्दै आएको शान्तिपूर्ण आन्दोलनको मर्म बुझ्नुपर्छ। भोलीका दिनमा थप आन्दोलनले अवस्था जोखिमयुक्त हुन सक्छ। त्यही भएर प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले स्थानीय स्तरमा नागरिकको आवश्यकताका विषयलाई विशेष र गहिरो ढंगले बुझेर समाधान निकाल्न पछि पर्नु हुँदैन्। सुशासन कायम गर्न लाग्दै गर्दा नागरिकलाई पनि सहज र सुलभ तरिकाले सेवा प्रवाह हुनेमा विशेष जोड दिनैपर्छ। त्यसैले बरियारपट्टी छोटी भन्सारलाई व्यवस्थितर गरी पुन: संचालनमा ल्याउनुको अर्को विकल्प हुन सक्दैन् ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# सार्कप्रति घट्यो भारतको चासो, नेपालको प्रयासले पनि गरेन काम




दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को १८औँ शिखर सम्मेलन काठमाडौँ सम्पन्न भएको थियो । तर १८औँ शिखर सम्मेलन भएको १२ वर्ष बितिस्कदा पनि १९औं सम्मेलनको टुंगो लाग्न सकेको छैन ।

सन् २०१६ मा पाकिस्तानको इस्लामावादमा तय गरिएको १९औं शिखर सम्मेलन अन्तिम समयमा भारत सहभागी नहुने भएपछि रद्द गरिएको थियो। हरेक दुई वर्षमा हुने यो सम्मेलनबारे अहिले त चर्चा हुन पनि छाडिसक्यो। तर सार्कका अन्य गतिविधिहरू भने रोकिएका छैनन् ।

काठमाडौँस्थित सार्क सचिवालयमा 'सार्क इन्टर्नसिप प्रोग्राम (एसआईपी) २०२६' सुरु भएको छ । यस सत्रमा दक्षिण एसियाली क्षेत्रका विभिन्न देशबाट आएका युवा अनुसन्धानकर्ता तथा विद्यार्थीहरूको सहभागिता छ ।यो कार्यक्रम युवा तथा विद्यार्थीका लागि क्षेत्रीय सहयोगका कार्यहरूमा व्यावहारिक अनुभव प्राप्त गर्ने एक महत्त्वपूर्ण मञ्च बनेको सचिवालयले जनाएको छ। यसले सहभागीहरूलाई सार्कको उद्देश्य, नीति तथा गतिविधिहरूलाई नजिकबाट बुझ्ने र आत्मसात गर्ने सुनौलो अवसर प्रदान गर्ने विश्वास सचिवालले लिएको छ।

आफ्नो कार्यकाल दौरान इन्टर्नहरूले सार्कका विभिन्न कार्यात्मक क्षेत्रहरूमा प्रत्यक्ष संलग्न भई काम गर्ने भनिएको छ, तर सार्क शिखर सम्मेलनको विषयमा सचिवालयले केही बताएको छैन ।

सार्क सचिवालय र यूएन वुमन एसियाप्यासिफको संयुक्त आयोजनमा वैशाख ३० र ३१ गते महिलाको आर्थिक सशक्तीकरणबारे काठमाडौँमा कार्यक्रम आयोजना भएको थियो । वैशाख ३१ गते श्रीलंकामा सार्क टक सिरिजको आयोजना पनि गरेको थियो।

सार्क कृषि केन्द्रले ग्लोबल एलायन्स फर इम्प्रुभ्ड न्यूट्रिसन बंगलादेश र अन्तर्राष्ट्रिय खाद्य नीति अनुसन्धान संस्थान दक्षिण एसियाको सहकार्यमा वैशाख २६ गते श्रीलंकामा विकास साझेदारहरू र लगानीकर्ताहरूसँग समन्वय बैठक गरेको थियो । यस्ता थुप्रै कार्यक्रमहरू सार्क राष्ट्रहरूमा भइरहेका छन् । सार्कअन्तर्गत रहेका कुनै पनि संगठन निष्क्रिय छैनन् । सदस्य राष्ट्रहरूले सहयोगहरू पनि समयमै दिई नै रहेका छन् ।

सार्कका महासचिव मोहम्मद गोलाम सरवरले जेठ ७ गते परराष्ट्रसचिव अमृत बहादुर राईसँग क्षेत्रीय सहयोगबारे छलफल गरेका थिए। यसअघि महासचिव गोलामले वैशाख २४ गते परराष्ट्रमन्त्री शिशिर खनाललाई पनि भेटेका थिए। क्षेत्रीय सहयोगका साथै सार्क सचिवालयबारे कुराकानी भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। सार्कका गतिविधिहरू र आगामी कार्यदिशाबारे महासचिव गोलामले मन्त्री खनाललाई जानकारी गराएका मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले जानकारी दिए ।

सार्क प्रक्रियाप्रति नेपालको दृढ रहेकाले सार्कका गतिविधि तीव्र रुपमा अगाडि बढाउन नेपालले काम गरिरहेको प्रवक्ता क्षेत्रीले बताए । उनले भने, 'शिखर सम्मेलन सार्कमा रहेका देशहरूको सहमतिमा हुने कुरा हो, त्यसमा नेपालले खेल्नुपर्ने भूमिका खेलिरहेको छ ।'

**किन ओझेलमा पर्‍यो सार्क ?**

खासगरी भारत र पाकिस्तानको विवादका कारण सार्क ओझेलमा परेको परराष्ट्रविज्ञ नीलाम्बर आचार्य बताउँछन्। 'जबसम्म सदस्य राष्ट्रबिच सहमति बन्दैन, तबसम्म यो अगाडि बढ्दैन,' उनले भने, 'त्यसका लागि अध्यक्ष राष्ट्रको नाताले नेपालले इनोसिएसन लिनुपर्छ।'

वर्तमान अवस्थामा सार्कजस्तो संगठनको झन् आवश्यकता परेको आचार्य बताउँछन्। 'सार्क राष्ट्रहरूले यसलाई गम्भीरतापूर्वक अगाडि बढाउनुपर्ने हो, तर भूराजनीतिको प्रभाव परेको कारण अगाडि नबढेको हो,' उनले भने ।

सार्क शिखर सम्मेलन गराउन नेपालको तर्फबाट सक्दो प्रयास भए पनि भारतले चासो नलिएको परराष्ट्र मामिलाका जानकारहरू तर्क गर्छन् । तत्कालीन परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा २०८१ भदौमा भारत भ्रमण गएका बेला त्यहाँका विदेशमन्त्री एस जयशंकरसँग सार्कबारे सकारात्मक जवाफ पाएकी थिइनन् । विदेशमन्त्री जयशंकारले भनेका थिए, 'तिम्रो देशमा आएर कसैले एट्याक गराएको भए, तिम्रो नागरिक मारेको भए, मिटिङ राख्नु हुन्थ्यो ?'

आरजुले २०८१ माघ १ गते प्रतिनिधिसभाअन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको बैठकमा सार्कबारे कुरा उठाएकी थिइन् । यसबाट के पुष्टि हुन्छ भने, भारत र पाकिस्ताबिच समस्या समाधान नभएसम्म सार्क अगाडि बढ्न सक्दैन ।

त्यतिबेला आरजुले भनेकी थिइन्, 'हेड अफ कन्ट्रीको मिटिङ गर्न सबैको सहमति हुनुपर्छ, नत्र मिटिङ हुँदैन, एभ्रीबडी ह्याज टु से एस, हन्ड्रेन्ड प्रसेन्ट एस हुनुपर्छ अनि मात्र बैठक बस्छ ।'

आरजुले मात्र होइन, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पनि त्यतिबेला सार्क सम्मेलन गराउन सक्रियता देखाएका थिए । २०८१ पुसमा बसेको नेकपा एमालेको बैठकमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा पनि सार्क सम्मेलनबारे ओलीले उल्लेख गरेका थिए । त्यति मात्र होइन, उनले त्यतिबेला नेपालका लागि पाकिस्तानका राजदूत एब्रार एच हस्मीलाई बोलाएर यसबारे कुराकानी गरेका थिए ।

तर त्यसयताका सरकारले सार्कलाई महत्त्व नदिएको जानकारहरू बताउँछन् ।

यता, परराष्ट्र मन्त्रालयका पूर्वसचिव शंकरदास बैरागी सार्क शिखर सम्मेलन राजनीतिक विषय भएको बताउँछन् । सदस्य राष्ट्रहरूबिच राजनीति सहमति हुनु आवश्यक रहेको उनले बताए । 'सार्कमा रहेका अन्य संगठनहरू ब्युरोक्रेसीका आधारमा सञ्चालित भएकाले सबै सक्रिय छन्, तर शिखर सम्मेलन हुने कुरा राजनीति भएकाले समस्या देखिएको हो,' उनले भने ।

कुनै पनि सदस्य राष्ट्रले बैठक बोलाउने विषयमा असहमति राखे बैठक नहुने सार्कको चार्टरमा उल्लेख छ। र भारतले नै चासो नदिँदा शिखर सम्मेलन हुन नसकेको हो ।

**के हो भारत–पाकिस्तान विवाद ?**

सार्कमा नेपाल, भारत, बंगलादेश, भुटान, श्रीलंका, माल्दिभ्स, पाकिस्तान र आफगानिस्तान सदस्य राष्ट्र छन् । सन् २०१४ को नोभेम्बर २७ र २८ मा नेपालमा भएको सार्क सम्मेलनपछि कुनै गतिविधि भएको छैन । सार्क सम्मेलन सकेको पाँच महिनापछि पोखरामा बसेको सार्क मन्त्रीस्तरीय बैठकले पाकिस्तानको इस्लामावादमा १९औं सम्मेलन २०७३ चैत २४ र २५ गते गर्ने निर्णय गरेको थियो ।

तर २०१६ सेप्टेम्बर १७ मा जम्मु-कश्मीरमा भारत-पाकिस्तानबिच भएको लफडाको कारण सार्क सम्मेलन स्थगित गरिएको थियो । भारत-पाकिस्तानबिच आन्तरिक विवाद चर्किँदै गएपछि सार्क विघटनको अवस्थामा नै पुगेको छ ।

जम्मु-काश्मिरको उरीमा आफ्ना सैनिकमाथि पाकिस्तानले आक्रमण गरेको भनी भारतले आरोप लगाएको छ । उक्त आक्रमणमा १९ जना भारतीय सेनाको ज्यान

बाँकी पृष्ठ ४ ▶▶

## आजको राशिफल

**मेष :** आज नयाँ काम सुरु गर्ने उत्साह बढ्नेछ। आर्थिक पक्ष मध्यम रहनेछ तर खर्च नियन्त्रण गर्नुपर्छ।

**बृष :** धैर्य गरे सफलता हात पर्ने दिन छ। कार्यक्षेत्रमा प्रशंसा पाइनेछ। साथीभाइसँग सानो गलतफहमी हुन सक्छ।

**मिथुन :** आज निर्णय गर्दा हतार नगर्नु राम्रो। नयाँ चिनजानबाट फाइदा हुन सक्छ। विद्यार्थीका लागि अध्ययनमा प्रगति हुनेछ।

**कर्कट :** मनमा अलि चिन्ता बढ्न सक्छ। घरपरिवारको सहयोग मिल्नेछ। आम्दानीभन्दा खर्च बढी हुन सक्छ।

**सिंह :** आत्मविश्वास बढ्ने दिन छ। व्यापारमा लाभ हुने संकेत छ। प्रेम जीवन सुखद रहनेछ।

**कन्या :** आर्थिक योजना सफल हुनेछ। नयाँ अवसर प्राप्त हुन सक्छ। सहकर्मीको साथ पाइनेछ।

**तुला :** आज विवादबाट टाढा रहनु राम्रो। काममा अवरोध आए पनि अन्त्यमा सफलता मिल्नेछ।

**वृश्चिक :** गोप्य योजना सफल हुन सक्छ। आर्थिक लाभ हुने सम्भावना छ। प्रेम सम्बन्धमा विश्वास बढ्नेछ।

**धनु :** शिक्षा र अध्ययनमा प्रगति हुनेछ। नयाँ योजना बनाउन अनुकूल दिन छ। आफन्तसँग भेटघाट हुनेछ।

**मकर :** आज मेहनत अनुसार फल पाइनेछ। कार्यक्षेत्रमा उन्नति हुने संकेत छ। धार्मिक यात्राको योग देखिन्छ।

**कुम्भ :** सृजनात्मक काममा सफलता मिल्नेछ। नयाँ सोचले फाइदा दिलाउनेछ। मित्रबाट सहयोग पाइनेछ।

**मीन :** धैर्य र संयम आवश्यक छ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्। परिवारसँग रमाइलो समय बित्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## दाइजोविरुद्ध अन्तिम साससम्म लड्छु ...........

व्यवहारमा परिवर्तन नआएसम्म यस्ता सामाजिक विकृति अन्त्य हुन नसक्ने बताइन्। छोरीलाई पनि छोरा सरह शिक्षा र अवसर दिनुपर्नेमा जोड दिँदै अभिभावकले बुहारीलाई सम्मानपूर्वक व्यवहार गर्नुपर्ने धारणा राखिन्।

कतिपय अभिभावकले अझै पनि छोरीलाई बोझका रूपमा हेर्ने प्रवृत्ति कायम रहेको उल्लेख गर्दै ठाकुरले छोरी अभिशाप नभई वरदान भएको स्वीकार गर्न समाज तयार हुनुपर्ने बताइन्।

कार्यक्रममा सर्लाही क्षेत्र नं. - १ बाट निर्वाचित सांसद नितिमा भण्डारी कार्की ले दाइजो प्रथा अन्त्यका लागि महिलासँगै युवापुस्ताको सक्रिय भूमिका आवश्यक रहेको बताइन् । कानुनी व्यवस्था र चेतना विस्तार भए पनि व्यवहारमा परिवर्तन आउन नसक्दा धेरै छोरीको जीवन कष्टकर बनेको उनको भनाइ थियो।

गाउँपालिकाका अध्यक्ष राजकुमार महतो ले २० वर्ष पूरा भएपछि मात्रै छोरीको विवाह गर्ने अभिभावकलाई गाउँपालिकाले सम्मान गर्दै आएको जानकारी दिए । उनका अनुसार गाउँपालिकाले पछिल्ला चार वर्षदेखि कक्षा १२ उत्तीर्ण गरी २० वर्षपछि विवाह गर्ने छोरीलाई ५० हजार रुपैयाँ प्रोत्साहनस्वरूप उपलब्ध गराउँदै आएको छ।

त्यस्तै, कक्षा १२ पछि स्नातक अध्ययन गर्ने छोरीलाई ११ हजार रुपैयाँ सहयोग दिने व्यवस्था गरिएको उनले बताए। हालसम्म १५७ जना छोरीलाई ५० हजार रुपैयाँ तथा १९७ जनालाई ११ हजार रुपैयाँ सहयोग उपलब्ध गराइसकिएको गाउँपालिकाले जनाएको छ।

कार्यक्रममा ३५४ जना छोरी तथा उनीहरूका परिवारलाई उपसभामुख ठाकुरको हातबाट सम्मान गरिएको थियो।

# मधेश केन्द्रित दल आठ वर्षपछि मधेशको सत्ता बाहिर

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ १० गते**



कुनै न कुनै रूपमा मधेशमा आठ वर्षदेखि सत्तामा रहेका मधेश केन्द्रित दल प्रतिपक्षी बेन्चमा पुगेका छन् । कांग्रेस नेतृत्वको सरकारले जनता समाजवादी पार्टी (जसपा) लाई हटाएपछि मधेशको सत्ता पहिलोपटक मधेश केन्द्रित दलविहीन बनेको हो।

बिहीबार अपराह्न मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जसपा नेपालबाट भौतिक पूर्वाधार मन्त्री राजकुमार गुप्ता, श्रम तथा यातायात मन्त्री मनिष सुमन र शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीलाई बर्खास्त गरेका थिए । राजीनामाका लागि केही समय दिएर उनले मन्त्रीहरूलाई हटाउँदै नेकपा एमालेलाई सरकारमा सहभागी गराएका छन् ।

वैशाख २१ गते जनमत पार्टीले मधेश सरकारबाट समर्थन फिर्ता लिएको थियो। यद्यपि, उक्त पार्टीबाट अर्थमन्त्री रहेका महेशप्रसाद यादव र खेलकुद तथा समाजकल्याण मन्त्री वसन्त कुशवाहाले मुख्यमन्त्रीको निर्देशनपछि राजीनामा दिएका छन् । यससँगै मधेश केन्द्रित दल पहिलोपटक मधेशमा सत्ताविहीन हुन पुगेका छन् ।

३ असोज २०७२ मा संविधान जारी भएपछि भएको पहिलो निर्वाचनबाट २०७४ मा सात प्रदेशमध्ये मधेशमा मधेश केन्द्रित दल संघीय समाजवादी फोरमका लालबाबु राउत नेतृत्वको सरकार बनेको थियो। सुरुमा फोरम र राष्ट्रिय जनता पार्टी नेपालले सरकार गठनका लागि आवश्यक ५४ मध्ये ५५ सिट जितेका थिए । पछि यी दुई दलबीच एकता र विभाजन हुँदा कांग्रेस, तत्कालीन माओवादी केन्द्रलगायत अन्य दल सरकारमा सहभागी भए पनि लालबाबु राउत नेतृत्वको सरकार ढाल्न सकेनन् ।

यद्यपि, महन्थ ठाकुर नेतृत्वको लोसपा दुई वर्षपछि सरकारबाहिर रह्यो। मधेश केन्द्रित दलकै बर्चस्वका कारण प्रदेश नं. २ ले 'मधेश प्रदेश' नाम पाएको थियो।

मंसिर २०७९ मा भएको दोस्रो प्रदेश निर्वाचनमा विगतजस्तो मधेश केन्द्रित दललाई बहुमत पुगेन। १०७ सदस्यीय मधेश प्रदेश सभामा जसपा नेपालले १९, जनमतले १३ र लोसपाले ९ सिट जिते। यी तीन दल मिलेर पनि सरकार बनाउने अवस्था रहेन। जसपा र जनमतले निर्वाचनमा थ्रेसहोल्ड कटाए पनि लोसपा राष्ट्रिय दल बन्न सकेन। यद्यपि, मधेशमा जसपाले पुनः दोस्रो कार्यकालको प्रारम्भिक सरकारको नेतृत्व लियो।

२३ पुस २०७९ मा नेकपा एमाले, जनमत, माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादीलगायत दलको समर्थनमा जसपा संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री बने। केन्द्रीय तहमा बन्ने समीकरणबाट मधेश अछुतो रहन सकेन। माओवादी केन्द्रले ३० वैशाखमा सरकार छाड्दै समर्थन फिर्ता लियो। पाँचौं पटक २३ जेठ २०८१ मा सरोजकुमार यादवले सदनमा विश्वासको मत गुमाए। पक्षमा मात्र ५० मत पऱ्यो भने विपक्षमा ५३ मत परेको थियो। १७ महिनापछि उनको सरकार ढलेको थियो।

यसपछि मधेश केन्द्रित दलले २५ जेठमा पुनः सरकारको नेतृत्व गऱ्यो । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतको जोडबलमा दलका नेता पन्छाएर सतीशकुमार सिंह मुख्यमन्त्री बने । उनलाई एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टीको समर्थन थियो । लोसपा सरकारमा भए पनि जसपा प्रतिपक्षमा थियो । पछि कांग्रेस पनि सरकारमा सहभागी भयो।

'जेनजी' आन्दोलनका क्रममा २४ भदौमा डा. सीके राउतको निर्देशनमा सामाजिक सञ्जालमार्फत मुख्यमन्त्री सिंहले राजीनामा दिएको घोषणा गरेका थिए । तर परिस्थिति सामान्य बन्दै जाँदा उनले राजीनामा नदिने अडान लिए। जनमत पार्टीले समर्थन फिर्ता लिएपछि असोज २८ गते विश्वासको मत नपाउने देखेपछि उनले सदनमै राजीनामाको घोषणा गरे । उनको कार्यकाल झन्डै १६ महिना चलेको थियो।

त्यसपछि २९ असोजमा मधेश केन्द्रित दल लोसपाका सांसद जितेन्द्र

बाँकी पृष्ठ ४ ▸▸

# करोडौं बजेटका धर्मशालाहरूको निर्माण कार्य अलपत्र



**अपन दैनिक संवाददाता**
**सप्तरी, जेठ १० गते**

सप्तरीको बोदेबरसाईन नगरपालिकामा तीनवटा विवाह मण्डप तथा धर्मशाला निर्माणको काम ७ वर्षदेखि अलपत्र परेको छ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ मा सशर्त अनुदानअन्तर्गत चार वटा विवाह मण्डप तथा धर्मशाला बनाउन बोदेबरसाईन नगरपालिकालाई एक करोड बजेट दिएको थियो। जसमध्ये वडा नम्बर २ स्थित दिनाराम दिनाभद्री मन्दिर परिसरमा रहेको धर्मशालाको निर्माणकार्य मात्रै सम्पन्न भएको छ । बाँकी तीनवटा विवाह मण्डल तथा धर्मशालाको निर्माण कार्य अधुरो अवस्थामै अलपत्र परेको हो।

जसमा बोदेबरसाईन नगरपालिका-१० स्थित खडकपुर हटिया फिल्डमा विवाहमण्डप र धर्मशाला निर्माणका लागि २५ लाख विनियोजन भएको थियो। त्यसमध्ये २१ लाख ६६ हजार ९०५ रूपैयाँ खर्च भएको भनिएको छ। तर, काम पूरा नहुँदा स्थानीयले विवाहमण्डप र धर्मशाला प्रयोग गर्न पाएका छैनन्।

यस्तै बोदेबरसाईन-३ गौरामा निर्माणाधीन विवाहमण्डप तथा धर्मशाला निर्माणका लागि पनि २५ लाख नै विनियोजन गरिएकामा त्यसमध्ये ५ लाख ७३ हजार ८८

बाँकी पृष्ठ ४ ▸▸

## मधेशमा मन्त्रिपरिषद् विस्तारको तयारी ............

सत्तासाझेदार नेकपा (एमाले) सरकारमा पठाउने मन्त्रीहरूको 'लिस्ट' लिएर तयारी अवस्थामा छ । मधेशमा एमालेलाई चारवटा मन्त्रालय दिने सरकारको तयारी छ। मन्त्रालय भने खुलाइएको छैन ।

यता, नेकपा सरकारबाट समर्थन फिर्ता लिने तयारी गरिरहेको छ । मन्त्रालय बाँडफाँटमा असहमति जनाउँदै नेकपाले सरकारबाट बाहिरिएर प्रतिपक्षसँग सरकार बनाउने चेतावनी दिएको छ।

नेकपा सांसद तथा वर्तमान गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले नेकपाको बैठक पनि जारी रहेको बताए । "केन्द्रको निर्णय कुरिरहेका छौं। ठोस निर्देशन आएको छैन । त्यसकारण अहिले केही भन्न सकिन्न," उनले भने, "सरकारसँग हाम्रो मन्त्रालय बाँडफाँटमै कुरा मिलेको छैन ।"

गएको शुक्रबार मुख्यमन्त्री यादवले विश्वासको मत लिएका थिए । गत वैशाख २७ गते जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिएका थिए ।

अहिले मधेश प्रदेशसभामा १०१ सांसद छन् । सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टी (जसपा) नेपालसँग २६, जनमतसँग १२ र राप्रपा प्रतिपक्षमा छन्।

नेपाली कांग्रेस २२, नेकपा एमाले २४ र नेकपासँग १५ सांसद छन् । यीबाहेक नेपाल संघीय समाजवादीका सांसदले सरकारलाई विश्वासका मत दिएका छन्।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका

## सदरमुकाम सिरहाकै मुटु ............

गरेका छन् । उनीहरूले विकास बजेटको पारदर्शिता र सार्वजनिक सेवाको प्रभावकारितामाथि समेत प्रश्न उठाएका छन्।

विशेषगरी सदरमुकामजस्तो संवेदनशील क्षेत्रमा आधारभूत पूर्वाधार व्यवस्थापन कमजोर हुँदा "समृद्ध सिरहा" को नारामाथि नै प्रश्न चिन्ह खडा भएको नागरिकहरूको भनाइ छ।

स्थानीयहरू भन्छन्, "भाषणले होइन, कामले विकास देखिनुपर्छ । सदरमुकामकै मुटु अन्धकारमा हुँदा जनताले सुरक्षित महसुस गर्न सक्ने अवस्था छैन ।"



हेम नारायण चोकको निभेको सडक बत्ती अहिले केवल प्राविधिक समस्या मात्र बनेको छैन, यसले स्थानीय सरकारको जवाफदेहिता, प्राथमिकता र सेवा प्रवाह क्षमतामाथि व्यापक बहस सुरु गराएको छ।

## पूर्वमन्त्री उमाशंकर अरगरियाले छाडे ............

शर्मा ओलीलाई सम्बोधन गर्दै पार्टीको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएको घोषणा गरेका हुन्।

एमालेमा प्रवेश गरेको धेरै समय भए पनि आफूसँगै आएकाहरूको समायोजन हुन नसकेको र कमिटीविहीन भएको उनले आरोप लगाएका छन्। 'सगंठन सुदृढीकरण हुनुपर्नेमा पार्टीभित्र पटक-पटक पार्टीको अधिकारिक उम्मेदवारलाई हराउनेहरू यो पार्टीमा दण्डित गर्नुको सट्टा उल्टै पुरस्कृत गर्ने परम्परा देखेको छु,' उनले लेखेका छन्, 'पटक-पटक जिल्लाको नेतृत्वबाट अपमानित हुने, लगनशील तथा इमान्दार कार्यकर्ताहरू अपहेलित हुने र पार्टीविरुद्ध लाग्नेहरू नै सम्मानित हुने प्रवृत्तिले आजित भएको छु।'

यस्ता विषयहरू केन्द्रमा जानकारी गराउँदा पनि कुनै किसिमको पहल नभएको उनको भनाइ छ। अरगरिया गत निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नं. २ मा एमालेका तर्फबाट प्रतिनिधिसभा उम्मेदवार थिए।

२०६४ सालको मधेश आन्दोलनको क्रममा कांग्रेस छाडेर उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम नेपालमा प्रवेश गरेका नेता अरगरिया आन्दोलनसँगै उदाएका थिए । पार्टी विभाजन भएपछि विजयकुमार गच्छदारको नेतृत्वमा गठित मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) नेपालको जिल्ला अध्यक्षको जिम्मेवारीमा पाएका थिए।

त्यसपछिका मधेश केन्द्रित राजनीतिमा सक्रिय रहेका अरगरिया २०७४ को प्रतिनिधिसभा निर्वाचनमा संघीय समाजवादी फोरमबाट धनुषा क्षेत्र नं २ बाट निर्वाचित भएका थिए। समाजवादी फोरम, समाजवादी पार्टी, जनता समाजवादी पार्टी (जसपा) हुँदै महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालमा आबद्ध थिए।

लोसपामै रहेका बेला केपी ओली नेतृत्वको सरकारमा संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्री नियुक्त भएका थिए। अदालतको आदेशका कारण उनी १८ दिनमै पदमुक्त भएका थिए।

अरगरिया २०७९ को निर्वाचनमा टिकटका लागि महन्थ ठाकुर नेतृत्वको लोसपा परित्याग गरी ओलीको हातबाट टीका लगाएर एमाले प्रवेश गरेका थिए।

एमालेबाटै २०७९ को निर्वाचनमा धनुषा क्षेत्र नं. २ बाटै प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका अरगरिया २०८२ फागुनको चुनाव दुवैमा हार बेहोरेका थिए।

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:

❍ बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ ।
❍ दिमागमा असर पर्नसक्छ ।
❍ समयमा नसुत्न सक्छन् ।
❍ खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन् ।
❍ एकान्तमा बस्न मन पराउन सक्छन् ।
❍ झिज्याहट हुन सक्छ ।
❍ साथीहरूसँग घुलमिल नहुन सक्छन् ।
❍ एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन् ।
❍ बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।

सिरहा नगरपालिका
११ नं. वडा कार्यालय भलुवाही
मधेश प्रदेश, सिरहा (नेपाल)

स्वच्छ शहर: स्वस्थ्य शहर

❍ धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं ।
❍ सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं ।
❍ तोकिएको स्थानमा मात्र फोहोर फालौं ।
❍ करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं ।
❍ सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं ।
❍ स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं ।
❍ ध्वनि र वायु प्रदूषण कम गरौं ।
❍ सडकको समयसमयमा मर्मतसम्भार गरौं ।
❍ सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौः सुन्दर बनाऔं ।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

# कर्मचारीको तलब २७ देखि ५७ प्रतिशत सम्म बढाउन सरकारलाई सिफारिस




**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ १० गते**

मुख्यसचिव सुमनराज अर्यालको अध्यक्षतामा रहेको एक समितिले ५७ प्रतिशतसम्म तलब बढाउन सरकारलाई सिफारिस गरेको छ। अर्याल अध्यक्ष रहेको कर्मचारीको तलब भत्ता पुनरावलोकन समितिले उक्त सिफारिस गरेको हो।

समितिले आगामी आर्थिक वर्षका लागि कर्मचारीहरुको तलब ५७ प्रतिशतसम्म बढाउन भनेको छ। सुझावमा महँगीसमेतलाई मध्येनजर गरी सरकारी कर्मचारीहरुको न्यूनतम र अधिकतम तलबको सीमा तोक्न भनिएको छ।

सरकारले आगामी आर्थिक वर्षका लागि जेठ १५ गते बजेट ल्याउँदै छ।

बजेटको पूर्वसन्ध्यामा कर्मचारीको तलब भत्ता पुनरावलोकन समितिले सरकारलाई सुझाएको हो। अर्याल समितिले मुख्यसचिव तहको तलब ५६.७१ प्रतिशतले वृद्धि गर्न सुझाएको छ। कार्यालय सहयोगी कर्मचारीको तलब २७ प्रतिशतले वृद्धि गर्न सिफारिस गरेको छ।

समितिले कर्मचारीको सबैभन्दा माथिल्लो तह (मुख्यसचिव) का कर्मचारीको तलब ५६.७१ प्रतिशतले वृद्धि गर्न सिफारिस गरेको छ। माग बमोजिम तलब वृद्धि गर्दा ७७ हजार दुई सय ११ रुपैयाँ रहेको मुख्यसचिवको तलब १ लाख २१ हजार रुपैयाँ हुने छ।

यस्तै, हाल २७ हजार ६ सय १२ रुपैयाँ रहेको कार्यालय सहयोगीको तलब बढेर ३५ हजार र ७७ हजार २ सय ११ रुपैयाँ हुने छ। कानुन सचिव पारास्वर ढुंगानाले निजामति कर्मचारीको तलब भत्ता पुनरावलोकनका लागि निजामति ऐनमै समितिको व्यवस्था रहेको बताउँदै तीनवर्षमा सुझाव दिने अभ्यास अनुरुप सिफारिस भएको जानकारी दिए।

"तीनतीन बर्षमा ऐनको व्यवस्था अनुरुप सुझाव दिने व्यवस्था छ। अहिले त तलब नबढेको पनि चार बर्ष भइसकेको छ," सचिव ढुंगानाले भने।

तत्कालीन अर्थमन्त्री जनार्दन शर्माको समयमा आर्थिक बर्ष २०७९/८० को बजेटमा कर्मचारीको तलब १५ प्रतिशतले बढेको थियो। चार बर्ष यता कर्मचारीको तलब बढेको छैन।

# कुटपिट घटनामा पक्राउ पुर्जी जारी भएपछि वडाध्यक्ष सम्पर्कविहीन

**अपन दैनिक संवाददाता**
**राजविराज, जेठ १० गते**

कुटपिट घटनामा आरोपित सप्तरीको राजगढ गाउँपालिका-२, का वडाध्यक्ष जितेन्द्रकुमार यादव पक्राउ पुर्जी जारी भएपछि सम्पर्कविहीन भएका छन्। वडाध्यक्ष यादवसहित ५ जनाविरुद्ध गत सोमबार पक्राउ पुर्जी जारी भएको हो।

वडाध्यक्ष यादव मंगलबार वडा सदस्य सुमित्रादेवी खंगलाई निमित्त तोकेर सम्पर्कविहीन बनेका हुन्। वडासचिव रामकुमार यादवले ४ दिनअघि वडाध्यक्षले खंगलाई निमित्त वडाध्यक्षको जिम्मेवारी तोकेको पुष्टि गरे।

गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले ३ दिनअघि भेट भएका वडाध्यक्ष यादवसँग त्यसपछि कुराकानी नभएको बताए। उनले भने, 'उहाँमाथि रहेको मुद्दाका विषय सामान्य जानकारी छ।'



जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले ती मुद्दामा अनुसन्धान भइरहेको बताए।

२१ कार्तिक २०८१ मा सोही वडाको बनैनियाँस्थित सार्वजनिक जग्गामा वडाध्यक्ष यादवलगायतले घर बनाउन लाग्दा स्थानीय ललनकुमार सिंहलगायतले विरोध जनाएका थिए। आक्रोशित बनेका वडाध्यक्ष यादव, सोही ठाउँका शिवन खंग, टुनु खंग, पशुपति खंग र श्रीराम खंग मिलेर सिंहमाथि रड प्रहार गरेका थिए। कुटपिटबाट सिंहको हात भाँचिएको थियो। उनले कुटपिट गरी अंगभंग पारेको कसूरमा २५ कार्तिकमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए। तर, प्रहरीले उनको जाहेरी लिन मानेनन्।

सिंहले ९ माघ २०८१ मा जिल्ला सरकारी वकिल कार्यालयमार्फत प्रहरीमा जाहेरी पठाउँदासमेत प्रहरीले सनाखतसहितका कानुनी प्रक्रिया पूरा गर्न अनाकानी गर्दै आएको थियो। ५ चैत २०८१ मा उच्च अदालत जनकपुर, राजविराज इजलास पुगेका सिंहले परमादेश रिट दायर गरेका थिए। रिटमा सुनुवाइ हुँदा १४ जेठ २०८२ मा अदालतका न्यायाधीशद्वय पूर्णप्रसाद राजवंशी र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालयको नाममा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम परमादेश जारी भएको थियो।

# वीरगन्ज नाका हुँदै १० महिनामा सात खर्ब ९४ अर्बको सामान भित्रियो



**अपन दैनिक संवाददाता**
**पर्सा, जेठ १० गते**

वीरगन्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु सात खर्ब ९४ अर्ब ८७ करोड मूल्य पर्ने वस्तु तथा समान आयात भएको छ।

गत आवको १० महिनाको तुलनामा चालु अवधिको सोही अवधिमा यो नाका हुँदै रु एक खर्ब दुई अर्ब ४४ करोड अर्थात् १५ प्रतिशत बढी सामान भित्रिएको हो।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगन्ज हुँदै हुने आयातमा बढोत्तरी भएको बताए। उनले चालु आवको पेट्रोलियम पदार्थ र फलाम तथा फलामजन्य वस्तुको आयातमा वृद्धि भएको बताए। जबकि गत आवको १० महिनामा भने छ खर्ब ९२ अर्ब ४३ करोड मूल्यका वस्तु तथा सामान आयात भएको थियो।

चालु आवको १० महिनामा रु एक खर्ब ८१ अर्ब ७० करोड मूल्य पर्ने पाँच थरिका पेट्रोलियम पदार्थको आयात भएको छ। त्यसैगरी, सोही अवधिमा रु ६९ अर्ब ४२ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएको छ। रु ५७ अर्ब ६६ करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ। त्यसैगरी रु ५५ अर्ब सात करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ।

## मधेश केन्द्रित दल आठ वर्षपछि मधेशको ............

सोनल जसपासहित ६ दलको समर्थनमा मुख्यमन्त्री नियुक्त भए। उनलाई जसपा, जनमत, माओवादी केन्द्र, लोसपा र नेकपा एकीकृत समाजवादीको समर्थन थियो।

उनको नियुक्तिकै दिन जनमत पार्टीभित्र विभाजन देखियो। प्रदेश सांसद रहेका पूर्वमन्त्री सतीश सिंह र त्रिभुवन साह जनमत छाडेर निर्वाचन आयोगमा नयाँ दर्ता गरिएको 'जनस्वराज पार्टी'मा लागे। तर पछि उक्त दलले वैधता पाएन।

बिच्किएका सिंह र साह कात्तिक २२ गते सोनलले विश्वासको मत लिने दिन अनुपस्थित रहे। माओवादी केन्द्रका प्रदेश सांसद रहबर अन्सारीले विद्रोह गरेपछि विश्वास गुमाउने अवस्था आयो। त्यसपछि सोनलले राजीनामाको घोषणा गरे। योसँगै मधेशमा सरकारको नेतृत्वमा मधेश केन्द्रित दलको निरन्तरता टुट्यो।

संविधानको धारा १६८ को उपधारा (३) बमोजिम ठूलो दलको हैसियतमा एमाले संसदीय दलका नेता सरोजकुमार यादव कात्तिक २३ गते राति मुख्यमन्त्री नियुक्त भए। होटलमा शपथग्रहण गरेको भनेर विवादित बनेको सो सरकारमा एक-एक सिट भएका दल राप्रपा नेपाल र संघीय समाजवादी पार्टी सहभागी थिए। उक्त सरकार २१ दिनमै ढल्यो।

त्यसपछि १९ मंसिरमा कांग्रेसका कृष्णप्रसाद यादव मधेश केन्द्रित दलकै समर्थनमा मुख्यमन्त्री बनेका थिए। तर अहिले मधेश केन्द्रित सबै दल प्रतिपक्षको बेन्चमा पुगेका छन्। मधेशमा मधेश केन्द्रित दलको यस्तो अवस्था पहिलोपटक आएको हो।

जसपा नेता मनिष सुमन अब मधेश केन्द्रित प्रतिपक्षले गुण र दोषका आधारमा सरकारलाई समर्थन वा विरोध गर्ने बताउँछन्। 'यो अप्राकृतिक गठबन्धन हो। हामी प्रतिपक्षमा पुगेका छौं। अब गुण र दोषका आधारमा समर्थन र विरोध गर्छौं,' उनले भने।

यद्यपि, मधेश केन्द्रित दल कुनै न कुनै रूपमा केन्द्रीय सत्तामा भने रहिरहेका थिए। भदौ २३ मा भएको 'जेनजी' विद्रोहअघिसम्म महन्थ ठाकुर नेतृत्वको लोसपा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारमै थियो।

तर २१ फागुनको प्रतिनिधि सभा निर्वाचनमा थ्रेसहोल्ड कटाउन नसकेपछि जसपा र जनमत राष्ट्रिय दल बन्न सकेनन्। मधेश केन्द्रित दल प्रतिनिधिसभामा शून्यजस्तै अवस्थामा पुगे। तर मधेश प्रदेशमा उनीहरूको उपस्थितिका कारण सत्ता समीकरणमा प्रभाव कायम थियो। अहिले राष्ट्रिय तीन दल–कांग्रेस, एमाले र माओवादी केन्द्रको गठबन्धन बनेपछि मधेश केन्द्रित दलहरू किनारामा पुगेका छन्।

राजनीतिक विश्लेषक डा. भोगेन्द्र झाको भनाइमा मधेशमा मधेश प्रदेशसभाको दोस्रो कार्यकालमा अस्थिरताको कारक जनमत पार्टी हो। 'जनमतमाथि जनताको ठूलो अपेक्षा थियो। तर मधेशमा पछिल्ला पटक सरकार ढल्नु, बन्नु र सत्ता बाहिर पुग्नुमा जिम्मेवार जनमत पार्टी हो। डा. सिके राउतको कुनै दृष्टिकोण छैन भन्ने पुष्टि हुँदैछ,' उनी भन्छन्।

**सत्ता स्वार्थको कारण किनारमा पुगेको मधेश केन्द्रित दल**

एजेन्डाभन्दा सत्ता स्वार्थमा केन्द्रित हुँदा मधेश केन्द्रित दलहरू यो अवस्थामा पुगेको विश्लेषण भइरहेको छ। लामो समयसम्म मधेश सरकारको नेतृत्व गरे पनि ती दल जनभावनाअनुसार काम गर्न असफल भएको यथार्थ छ।

वितरणमुखी बजेट बनाउने, उपभोक्ता समितिमार्फत काम गराउने, योजनाका चिठी बिक्रीवितरण गर्ने, कर्मचारी सरुवामा चलखेल गर्ने जस्ता बेथितिका कारण मधेश सरकार बदनाम छ। मधेशमा सुशासन कमजोर बन्नु र भ्रष्टाचारजस्ता गतिविधिले प्रश्रय पाउनुमा मधेश केन्द्रित दलहरूले नै यस्तो प्रवृत्ति बसालेको आरोप लाग्ने गरेको छ।

एक राजनीतिक विश्लेषकका अनुसार कांग्रेस र एमालेभन्दा फरक पहिचान बनाउन नसक्नु नै मधेश केन्द्रित दलहरूको अहिलेको अवस्थाको प्रमुख कारण हो।

'मधेश केन्द्रित दल सत्ताभोगी भए। आफू र आफ्ना आसेपासेलाई लाभ पुग्ने काम मात्र गरे। आम जनतालाई फाइदा पुग्ने काम सरकारमा रहेर पनि गर्न सकेनन्,' उनले भने, 'त्यसैले मधेश केन्द्रित दलहरूको यो अवस्था आएको हो। जनतामा ती दलप्रति सहानुभूति घट्दो छ। किनभने मधेश केन्द्रित दल कांग्रेस-एमालेभन्दा फरक रुपमा प्रस्तुत हुन सकेनन्।'

मधेश केन्द्रित दल सत्ता स्वार्थको कारण यो स्थिति आएको राजनीतिक विश्लेषक डा. भोगेन्द्र झाको तर्क छ। 'मधेशको इस्यू समाप्त भएको होइन। तर मधेश केन्द्रित दलको सत्तालिप्साको कारण यो स्थिति आएको हो। संघीयता आचरण अनुशासन मधेशी दलमा पनि रहेन,' उनी भन्छन्।

मधेश केन्द्रित दल प्रतिपक्षमा जिम्मेवार बने भविष्यमा अवसर हुनसक्ने उनको भनाइ छ। तर सत्ताको लागि जे पनि गर्न पछाडि नपर्ने कारण खासै आशा गर्न भने नसकिने उनी बताउँछन्।

## करोडौं बजेटका धर्मशालाहरूको .............

रूपैयाँ खर्च गरेर बाँकी काम अलपत्र पारिएको छ।

यस्तै बोदेबरसाईन-७ सुगापोखरीमा पनि विवाहमण्डप र धर्मशालाका लागि अर्को २५ लाख विनियोजन गरिएको थियो। जसमा १५ लाख ७९ हजार २९७ रुपैयाँ खर्चिएर निर्माण कार्य अधुरो छाडिएको छ।

यी सबै योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिएको थियो।

विवाहलगायतका समाजिक कार्यलाई मध्येनजर गरेर धर्मशाला र विवाह मण्डप निर्माणको योजना ल्याइएको थियो। तर, ७ वर्षमा समेत पूरा नहुँदा स्थानीयवासीले चित्त दुखाएका छन्।

## बरियारपट्टी छोटी भन्सार जोगाउन .............

गतिविधि प्रभावित हुने, रोजगारीमा असर पर्ने तथा स्थानीय अर्थतन्त्र कमजोर बन्ने उनीहरूको दाबी छ।

स्थानीयहरूले सरकार जनभावना विपरीत निर्णयतर्फ अघि बढेको आरोप लगाउँदै तत्काल निर्णय सच्याउन माग गरेका छन्। माग सम्बोधन नभएसम्म आन्दोलनलाई अझ कडा बनाइने चेतावनी समेत दिइएको छ।

आजदेखि सुरु हुने चक्काजाम कार्यक्रम जिरोमाईल चौक केन्द्रित रहने जनाइएको छ। आन्दोलनकारीहरूले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गर्दै सरकारमाथि दबाब सिर्जना गर्ने रणनीति अपनाएका छन्। यसका कारण सिरहा लगायत मधेश प्रदेशका विभिन्न जिल्लामा यातायात सेवा प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

यता प्रशासनले आन्दोलन शान्तिपूर्ण राख्न आग्रह गरेको छ। सम्भावित सुरक्षा चुनौतीलाई ध्यानमा राख्दै जिरोमाईल क्षेत्रको सुरक्षा व्यवस्था कडा पार्ने तयारी गरिएको सुरक्षा निकायले जनाएको छ।

## सार्कप्रति घट्यो भारतको चासो ............

गएको थियो। त्यो घटनाले सीधै सार्क शिखर सम्मेलनलाई नै असर गरेको थियो। त्यसबेलादेखि भारतले सार्क सम्मेलनप्रति रुचि देखाएको छैन।

भारत र पाकिस्तानबिच सम्बन्ध सुधार नभएसम्म यो सम्मेलन हुने कुनै संकेत देखिँदैन। यो सम्मेलन पाकिस्तानबाहेक अन्य ठाउँमा पनि गराउन सकिन्छ, तर त्यसका लागि पाकिस्तान तयार देखिएको छैन। अर्थात् भारत-पाकिस्तान तयार नभएसम्म सार्कको बैठक बस्न निकै चुनौती छ।

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व–उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

**विविधतामा एकता भन्ने भावना विकास गरौं।**

**लक्ष्मीपुर पतारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी**
मधेश प्रदेश, सिरहा (नेपाल)

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल